बैठक संख्याः-४८

आज मिति २०८० साल चैत्र ३० गते शुक्रबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेबी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा सम्पन्न गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. .वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्‌वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | तिला |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्‌गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री राधाकृष्ण खतिवडा | |

CamScanner

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यापालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो।

**निर्णय नं २-** बिर्तामोड नगरपालिका शिक्षा समितिबाट निर्णय भई आएका तपशिलका प्रस्तावहरु स्वीकृत गर्ने निर्णय गरियो।

**क) कक्षा ११ संचालन नगएका विद्यालयहरुको सम्वन्धमा:-**

उक्त प्रस्तावमाथि छलफल गर्दा नगर शिक्षा समितिको मिति २०८०/११/२४ को निर्णय र मिति २०८०/११ /२७ गतेको इजलास दैनिकमा प्रकाशित सूचना अनुसार शै.स. २०८१ देखि सञ्चालन गर्न लिखित प्रतिबद्दता पेश गर्ने तपसिलका विद्यालयलाई कक्षा ११ को भर्ना सुरु भएको १ महिनासम्म पनि कक्षा सञ्चालन नगरेमा कक्षा ११ को अनुमति रद्द गर्ने प्रकृया अघि बढाउने तथा सूचना प्रकाशन गर्दा समेत कुनै पनि लिखित प्रतिबद्वत पेश नगर्ने देहायका विद्यालयहरुको कक्षा ११ को अनुमति रद्द गरी सम्वन्धित विद्यालयलाई जानकारी पठाउने निर्णय गरियो।

तपसिल

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | अनुमतिप्राप्त कक्षा | कक्षा सञ्चलन नभएको शै.स. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ग्रिनफिल्ड वर्ल्ड स्कूल | बिर्तामोड -१ | पूर्व प्र.वि - कक्षा ११ | शै.स. २०७९ र २०८० सम्म | कक्षा ११ को भर्ना सुरु भएको १ महिनासम्म पनि कक्षा सञ्चालन नगरेमा कक्षा ११ को अनुमति रद्द गर्ने प्रकृया अघि बढाउने |
| २ | इडन गार्डेन ए.फा. | बिर्तामोड -४ | पूर्व प्र.वि - कक्षा ११ | शै.स. २०७६ देखि २०८० सम्म | |
| ३ | बाल कल्याण आ.मावि | बिर्तामोड -२ | पूर्व प्र.वि - कक्षा ११ | शै.स. २०७९ र २०८० सम्म | शै.स. २०८१ देखि कक्षा ११ को अनुमति रद्द गर्ने |
| ४ | नवोदय फनमिन शिक्षा सदन | बिर्तामोड -३ | पूर्व प्र.वि - कक्षा ११ | शै.स. २०७७ देखि २०८० सम्म | |
| ५ | चिल्ड्रेन इन्भारोमेन्ट इ. स्कूल | बिर्तामोड -१ | पूर्व प्र.वि - कक्षा ११ | शै.स. २०७८ देखि २०८० सम्म | |
| ६ | सगरमाथा आ.मावि | बिर्तामोड - ५ | पूर्व प्र.वि - कक्षा ११ | शै.स. २०७६ देखि २०८० सम्म | |

**सहकारी विद्यालय सञ्चालन अनुमति र ठेगाना परिवर्तन सम्वन्धमाः -**

उक्त प्रस्तावमाथि छलफल गर्दा शिक्षा बहुउद्देशीय सहकारी संस्थाद्वारा सञ्चालित बिर्तामोड नगरपालिका वडा नं. २ मा अवस्थित शिक्षा सिकोप निकेतन पूर्व प्राथमिक विद्यालयलाई बिर्तामोड नगरपालिकाको शिक्षा ऐन २०७९ (संशोधन सहित) को दफा ९ बमोजिम निर्माण भएको सहकारी कार्यविधि २०८० अनुसार विद्यालयको भौतिक पूर्वाधार, आवश्यक जनशक्ति तथा न्यूनतम तोकिएको मापदण्ड, स्थलगत अनुगमनआदिको आधारमा कक्षा १ सञ्चालन अनुमति दिने गरी बिर्तामोड नगरपालिका नगरकार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

**ख)विषय थप, कक्षा थप, नाम परिवर्तन, स्थान परिवर्तन सम्वन्धमा:-**

उक्त प्रस्ताव माथि छलफल गर्दा आगामी शै.स. २०८१ देखि कक्षा सञ्चालन गर्ने गरी कक्षा थप, विषय थप, स्थान परिवर्तन, नाम परिवर्तन माग गरेका तपसिलका विद्यालयहरुलाई स्थलगत अनुगमन तथा विद्यालयहरुको मागको आधारमा भौतिक पूर्वाधार आश्यक जनशक्ति तथा न्यूनतम तोकिएको मापदण्को आधारमा बिर्तामोड नगरपालिकाको शिक्षा ऐन २०७९ (संशोधन सहित) को दफा २० बमोजिम विद्यालयहरुलाई कक्षा थप, विषय थप, स्थान परिवर्तन, नाम परिवर्तन का लागि बिर्तामोड नगरपालिका नगरकार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.स. | निवेदक / विद्यालयको नाम / ठेगाना | अनुमति प्राप्त कक्षा | माग गरेको विवरण | थप गरेको कक्षा/ विषय | कैफियत |
|---|---|---|---|---|---|
| २ | साहारा साकोस शिक्षा सदन, वि.न.पा. २ | ६ | कक्षा थप | ७ | कक्षा थपको अनुमति |
| ३ | मनकामनमा माध्यमिक विद्यालय, वि.न.पा. १ | १२ | कक्षा ११ मा विषय थप | कक्षा ११ मा जापानिज र कोरियन भाषा विषय थप | विषय थप |
| ५ | बेल्स मोडेल स्कूल, वि.न.पा. ७ | १० | कक्षा थप | ११ | कक्षा थपको अनुमति |
| ७ | देवी मावि.,वि.न.पा. २ | १२ | कक्षा ११ मा विषय थप | कक्षा ११ मा विषय थप (होटल मेनेजमेन्ट, टुरिजम एण्ड माउन्टेनियरिङ स्टडिज) | विषय थप |
| ८ | नवोदय शिक्षा सदन, वि.न.पा.३ | १० | नाम परिवर्तन | - | नाम परिवर्तन (इन्भेन्चर ए. एकेडेमी प्रा.लि, वि.न.पा - ३) |
| ९ | प्राज्ञा एजुकेशन फाउण्डेशन .,वि.न.पा. १ | ४ | नाम परिवर्तन | - | नाम परिवर्तन (विद्या विकास |

CS CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | एकेडेमी वि न.पा १) |
| ११ | एसेन्ट एकाडेमी ,वि.न.पा. २ | १२ | स्थान परिवर्तन र नाम परिवर्तन | - | ठाउँसारी/ नामसारी (साविकको कम्पनी गोबर्धन ए.फा.प्र.लि वि.न.पा. २बाट इकोम फा.प्रालि वि.न.पा. १ र विद्यालयको नाम एसेन्ट एकेडेमी वि.न.पा २ बाट इकोम स्कूल अफ एक्सिलेन्स वि.न.पा - १ संशोधन गर्ने ) |
| १२ | भगवति दाहाल ,वि.न.पा.६, झापा | - | मन्टेश्वरी तालिम केन्द्र | - | बेष्ट फ्युचर मन्टेश्वरी तालिम केन्द्र वि.न.पा - ६ |

**निर्णय नं ३-** बिर्तामोड नगरपालिका अन्तर्गत सञ्चालित बिर्तामोड नगर अस्पतालको व्यवस्थापन समितिको मिति २०८०।१२।०७ गते बसेको बैठकबाट निर्णय भई आएका देहायका प्रस्तावहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**देहाय**

क) नगर अस्पतालबाट विरामीहरुलाई दैनिक प्रदान गरिने सेवा संचालनको लागि अति आवश्यक प्रयोगशाला केमिकल लगायतका सामाग्रीहरु तत्काल खरिद गरि इमर्जेन्सी काम चलाउनको लागि अति आवस्यक भई खरिद गरिएको हुदा त्यसरी हालसम्म विभिन्न फर्म/कम्पनीहरुबाट आकस्मिक कोटेशन मार्फत खरिद भएका प्रयोगशालाजन्य केमिकल लगायतका अन्य सामाग्रीहरुको खर्च रकम रु.६९३२९४९/- अनुमोदन गर्ने निर्णय सर्वसम्मत पारित गरियो । साथै आकस्मिक अनुमान विना पूर्व खरिद गरिरहेकोमा अव तत्काल हालसम्म भएको खर्च अनुसार अनुमानित परिमाण बमोजिम लागत इस्टिमेट तयार गरि जति सक्दो चाड़ो दरभाउ पत्र टेण्डर मार्फत सामान प्रक्रिया अघि वढाउने ।

ख) अस्पतालमा बिरामीहरुको बढी चाप भई पूर्वानुमान गरे भन्दा अत्याधिक बिरामीहरुको प्रयोगशाला टेष्टहरु गर्न अति आवस्यक भएको हुदा नगर अस्पताल व्यवस्थापन समितिबाट मिति २०८०/०८/२५ मा विनियोजन भएको पूँजीगत खर्च तर्फ प्रयोगशाला ल्याब सामाग्री खरिद शीर्षकमा रु.५००००००/- रकम विनियोजन भएकोमा सो रकम अपुग भएको हुदाँ सोही निर्णयको कुल बचत रकममा रहेको रकमबाट रु.५००००००/- पचास लाख रुपैया प्रयोगशाला ल्याब सामाग्री खरिद शिर्षकमा थप गरी प्रयोगशाला ल्याव सामाग्री खरिद शिर्षकमा कुल रु.१०००००००/- एक करोड रुपैंया रकम विनियोजन गर्ने ।

ग) SBA सम्बन्धी Clinical Monitoring कार्यक्रम संचालनको लागी विर्तामोड नगर सभाबाट स्वीकृत अस्पताल संचालन तथा व्यवस्थापन शिर्षकमा विनियोजित वजेटबाट रु.१५००००/- विनियोजन गरि खर्च गर्ने।

घ) पदाधिकारी अनुगमन भ्रमण शिर्षकलाई पदाधिकारी तथा कर्मचारी अनुगमन भ्रमण शिर्षक हुने गरि संसोधन गर्ने तथा सो शिर्षकमा कुल वचत शिर्षकमा रहेको रकमबाट रु.३०००००/- थप गरि जम्मा रु.५०००००/- पाँच लाख रुपैंया कायम गर्ने।

**निर्णय नं ४-** बिर्तामोड नगरपालिका वडा नं ३ स्थित बद्रीबाडी टोल विकास संस्था अन्तर्गत अदुवाखोला सरसफाई तथा तटबन्धन निर्माण समितिले बिर्तामोड वडा नं ९ र ३ को सीमानामा तटबन्धन निर्माण कार्य सुरु गरेकोमा मिति २०८०।०३।०१ गते आएको बाढीले तटबन्धनको डाइभर्सन बाँध, सिमेन्ट, पिल्लर ,बालुवा, ढुङ्गा, गिटी लगायतका सामाग्रीहरु बगाएर भएको क्षति बापत प्राविधिक मूल्याङ्कन बमोजिम हुन आउने रकम रु.७२५२४.०३।- आ.ब. ०८०/०८१ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको बिपद् व्यवस्थापन शीर्षकबाट भुक्तान गर्ने निर्णय गरियो।

**निर्णय नं ५-** बिश्व बैकको आर्थिक सहयोगमा बिर्तामोड नगरपालिका वडा नं ६ ७ ८ मा सञ्चालित बुट्टाबारी प्याकुरेल चोक सडक निर्माण आयोजनाको भेरिएसन रेट निर्धारण गर्न तपशिल बमोजिमको बार्ता समिति गठन गर्ने निर्णय गरियो।

**तपशिल**

संयोजक- नगर प्रमुख श्री पवित्रा देबी महतारा प्रसाई

सदस्य- नगर उप प्रमुख श्री नगेन्द्र प्रसाद संग्रौला

सदस्य- प्र.प्र.अ. श्री राधाकृष्ण खतिवडा

सदस्य- वडा अध्यक्ष श्री सूर्य प्रसाद कन्दङ्वा, वडा नं ६

सदस्य- वडा अध्यक्ष श्री कृष्ण प्रसाद खरेल, वडा नं ७

सदस्य- वडा अध्यक्ष श्री अजय कार्की, वडा नं ८

सदस्य- योजना शाखा प्रमुख श्री जय तिम्सिना

सदस्य- आर्थिक प्र.शाखा प्रमुख श्री तेजिन्द्र तामाङ

सदस्य- इन्जिनियर श्री नरेन्द्र श्रेष्ठ

सदस्य- इन्जिनियर श्री डिल्लीराम गौतम

सदस्य- परामर्शदाता DSC

CamScanner

**निर्णय नं ५ (विविध)**

**क)** यस नगरपालिकाको विद्ययेक समितिबाट छलफल भई आएको बिर्तामोड नगरपालिकाको **बालबालिका संरक्षण तथा संवर्द्धन सम्बन्धी कार्यविधि २०८०** पारित गर्ने निर्णय गरियो ।

ख) बिर्तामोड नगरपालिका वडा नं ५ मा बस्ने आगलागीबाट पीडित दुई परिवारलाई प्रति परिवार १५०००।- पन्ध्र हजारका दरले राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

ग) बिर्तामोड नगरपालिकामा व्यवसाय दर्ता भई नवीकरण हुन बाँकी रहेका उद्योग/फर्म/व्यवसाय/कम्पनीहरुलाई तीन वर्ष वा सो भन्दा माथिको बक्यौता कर तिनुपर्ने फर्महरुले तोकिएको छुट सुविधा दिई नवीकरण गर्नका लागि आगामी २०८१ असार मसान्तसम्म अन्तिम पटक म्याद अवधि थप गर्ने निर्णय गरियो ।